# ललितपुर जिल्ला अदालत

## ललितपुर

पत्र सँख्याः- ०७७/०७८

मितिः२०७८।३।२८

## सूचना । सूचना।। सूचना ।।।

कोरोना सङ्क्रमण (कोभिड-१९) को वर्तमान समयमा अदालतवाट प्रवाह गरिने सेवा सम्वन्धमा छलफल गर्दा नोवेल कोरना भाइरस (कोविड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरूपमा फैलिरहेको र नेपालमा पनि त्यसको सङ्क्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भलाई समेत मध्येनजर गर्दै अदालतवाट सम्पादन हुने कामकारवाही तथा प्रवाह हुने सेवामासमेत संकुचन ल्याइएको अवस्थामा मिति २०७८।३।२८ गतेको यस अदालतको पूर्ण बैठकवाट देहाय वमोजिम गर्ने निर्णय गरियो ।

१. मिति २०७८/१/१६ गतेवाट संकुचन गरिएको सेवामा यस अघि गरिएको विस्तार र सो को व्यवस्थापनलाई निरन्तरता दिने ।

२. काठमाण्डौं उपत्यका भित्र सार्वजनिक यातायात सञ्चालनमा आइसकेको सन्दर्भमा काठमाण्डौं उपत्यकाभित्र रहनु भएका हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थित हुनु पर्ने अवस्थाका सेवाग्राहीहरू मिति २०७८।४।०१ गतेबाट ३० (तीस) दिनभित्र यस अदालतमा उपस्थित हुनुपर्ने (अदालतको सहजताका लागि मुद्धाका पक्षहरुले सम्भव भएसम्म जुन गते वा बारको तारिख तोकिएको छ सोही गते वा बारमा उपस्थित भइदिए सहज हुने) तथा काठमाण्डौं उपत्यका वाहिर रहनु भएका यस अदालतमा हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थित हुनु पर्ने अवस्थाका सेवाग्राहीहरू काठमाण्डौ उपत्यकामा आउन जान सार्वजनिक सवारी यातायात सञ्चालनमा आएपछि ३० (तीस) दिनभित्र उपस्थित हुनुपर्ने । तर यस्तो सुविद्या पाउने अवस्थाका सेवाग्राही सो अवधि भन्दा अगावै सेवा लिन आएमा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य रूपमा पालना गरी कानून बमोजिमको न्यायिक सेवा प्रदान गर्ने।

३. मुद्धा तथा निवेदन दर्ता तथा सोको कारवाही सम्वन्धमा आवश्यक व्यवस्थापकीय औजारहरुको प्रयोग गरी व्यवस्थापन गर्न अदालत व्यवस्थापनले कार्य योजना बनाई सूचित गर्ने व्यवस्था मिलाउने ।

४. यससम्वन्धी अरु व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।

विष्णुप्रसाद पाण्डेय

सेस्तेदार (उपसचिव)